प्रारम्भिक प्रतिवेदन, पहिलो मस्यौदा

प्रकोप पैरवी अध्ययन श्रृंखला

actionaid

# बाढीपहिरोको प्रकोप २०६४:

## राहत सरोकार एवं गांसिएका चासाहरु

- मनीष गौतम

एक्सनएड, नेपाल
नोवेम्वर २००७
काठमाण्डौ

End poverty. Together. End poverty. Together.

हाम्रो भन्नु ... ... ...

यो अध्ययन नेपालमा यस वर्ष भए गरिएका प्रकोप राहत संम्पादनका चासाहरु अभिलेख गर्ने तथा त्यसका सिकाइ लाई व्यवस्थित गरि आगामी दिनहरु का लागि दिशा पहिल्याउनु हो ।

यस अध्ययनका कमि कमजोरी सुधार्न सहि सुचना र जानकारीहरु आवश्यकहुने हुदा यथासक्य उपलव्ध गराइदिनुहुन अनुरोध छ ।

यो अध्ययन श्री मनिष गौतमले एक्सनएड नेपालको सहयोगमा गर्नुभएको हो तर यसमा व्यक्त विचार एवम् तथ्यहरु एक्सनएड नेपालको आधिकारिक भनाइ नहुन सक्छ ।

धन्यवाद ।

मानव सुरक्षा, आकस्मिक (विपत्ती) एवम् प्रकोप व्यवस्थापन सवाल
एक्सनएड नेपाल
लाजीम्पाट
काठमाण्डौ

विषय सूची


पृष्ठभुमि

उद्येश्य

अध्ययन विधि

नेपाल किन बाढीपहिरोको जोखिममा छ ?

डुबानको अर्को कारण भारतिय तटबन्धन

कुटनीतिक क्षमता अभाव

मौसम परिवर्तन र बाढीपहिरोको सम्बन्ध

उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण

उद्धारमा कठिनाइ

राज्यले खेलेको दायित्व

समन्वयताको अभाव

सरोकारवाला अन्य सरकारी निकाय :

बाढीपहिरो व्यवस्थापन :
- क) उद्धार :
- ख) राहत :
- ग) पुनर्स्थापन

बाढीपहिरो पीडितका लागि सहयोग
- क) सरकार
- ख) सांसदद्धारा राहत
- ग) संचार माध्यमको भूमिका
- घ) नेपाल रेडक्रस सोसाईटी
- ङ) दातृ तथा अन्तराष्ट्रिय समुदायको संलग्नता

सहयोगको विवरण तालिका

सारांश

अब के गर्ने ?

सन्दर्भ सामाग्री

## पृष्ठभुमि

बाढीपहिरोको नियतिबाट गुज्रने पीडितहरुका आवाजहरु अब कुनै अर्थमा नौलो रहेनन् । किनकि वर्षेनी बाढीपहिरो गइरहेको छ र हजारौं मानिसहरु घरवारविहिन अवस्थामा पुगेका छन् । बाढीपहिरो नेपालीका लागि नियमित नियति बनेको छ। पिछडिएका वर्ग र समुदाय तथा गरिब जनता नै यसबाट बढी पीडित छन् नै । हुने खानेहरु पनि वर्षेनी गरिबीको शिकार बन्दै गएका छन् । जिविकोपार्जनका माध्यमहरु धराशायी भएका छन् । बाढी पहिरोका कारण उनीहरुले व्यहोर्नु परेको आर्थिक, सामाजिक तथा मानसिक क्षतिको कुनै अध्ययन छैन । त्यसमा पनि महिला र बालबालिका अवस्था झनै जोखम रहेको छ ।

बाढीपहिरो एउटा यस्तो अभिशाप सावित भएको छ, जसले गरिबीमा बाँचेका जनसंख्यालाई मुख्य तारो बनाएको छ । अझ भन्ने हो भने पिछडिएका जनजाती, दलित, मुक्त कमैया र यिनीहरुमा पनि विशेष गरी वृद्धवृद्धा, बालबालिका र महिला बढी पीडित भएको देखिन्छ । बाढीपहीरो गइसके पछि पुनर्निर्माण तथा पुनर्स्थापनको पक्षमा न्युन चासो भएका कारण शिक्षा, स्वास्थ्य र स्वच्छ खानेपानीजस्ता आधारभूत आवश्यकताबाट पनि यिनै समुदाय वञ्चित छन् ।

बाढीपहिरोसँग सम्बन्धित यस्ता थुप्रै घटना छन्, जसले मानविय संवेदना झल्काउँछ । यस्ता घटना पनि छन् जसले राज्यले खेल्नु पर्ने अभिभावकको भूमिका सून्य देखिन्छ । बाढीपहिरोमा परेका समुदायको जीवन कसरी गुज्रिरहेको छ ? के राहत सामाग्री वितरण र प्रकोप क्षतिपूर्तिमा यिनीहरुको पहुँच छ ? के गरिब तथा सिमान्तिकृत परिवारको पुनर्स्थापना भएको छ ? यी मध्ये अधिकांश प्रश्नका जवाफ सकारात्मक छैनन् । यतिमात्र होइन, बाढीपहिरोको जोखिम न्युनिकरण र पीडितप्रति राज्यको भूमिका कस्तो छ ? वर्षेनी सयौंका संख्यामा नागरिकहरुको अकाल मृत्यु हुँदा र हजारौं विस्थापित बन्दा पनि उदासिन हुनु कतर्व्यबाट चुक्नु मात्रै होइन, संवेदनहीनताको पराकाष्ठा पनि हो ।

प्राकृतिक प्रकोप नियमित नियति बन्न पुगेको मुलुकमा उद्धार, राहत र पुनर्स्थापनामा स्वचालित नियम र संयन्त्रको व्यवस्था नहुनु विडम्बना हो । यस्तो संयन्त्रको विकास नहुदा पीडित पक्षले अघिल्ला वर्षझैं यसपटक पनि न्यायसंगत राहत पाएका छैनन् । बाढी पहिरो व्यवस्थापनका लागि बनाईएका नीति तथा कानूनी व्यवस्था समेत प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिदैन । बाढीबाट विस्थापितहरुको पुर्नस्थापनाका कार्यमा राज्य तथा अन्य सम्बन्धित निकायको खासै ध्यान गएको देखिदैन । उद्धार कार्यको तुलनमा पुनर्निर्माण तथा पुनर्स्थापनका कार्यक्रमहरु नगन्य नै छन् ।

नागरिकलाई मानविय तथा प्राकृतिक प्रकोपबाट जोगाउने प्रमुख दायित्व राज्यको हो । प्राकृतिक प्रकोप पीडितहरुले मानविय उदासिनता र उपेक्षाका कारण अर्को विपत्ति भोग्नु राज्य र प्रजातान्त्रिक व्यवस्थाको असफलता मानिने छ ।

यस वर्षको बाढीपहिरोमा झन्डै १ अर्ब रुपैयाँ बराबरको सहयोग उद्धार, राहत तथा केही अंश पुनर्स्थापन तथा पुननिर्माणका लागि भित्रिएको देखिन्छ । बाढिपहिरोमा परेकाहरुको उद्धारका लागि राजनैतिक अस्थिरता तथा भौगोलिक जटिलताले बाधा उत्पन्न गरे पनि यसमा प्रवाह भएको स्रोत भने मनग्यै देखिन्छ । उद्धारमा सक्रिय अन्तराष्ट्रिय संस्थाहरुसँगको अन्तरक्रियामा बाढीपहिरोको तत्काल राहत तथा उद्धारका लागि जति पनि स्रोत जुटाउन सक्ने दावि रहेको छ । बाढीपहिरो पीडितका लागि स्रोत परिचालन हुनु एकदमै स्वागतयोग्य कुरा हो तर त्यसको सदुपयोग कति पारदर्शि तथा प्रभावकारी छ भन्ने अर्को पाटो हुन सक्छ । तर बाढीपहिरोले पुऱ्याउने जोखिम न्युनिकरणका लागि समुदायको सामना क्षमता अभिवृद्धिमा ध्यान दिनु जरुरी छ ।

## उद्येश्य

यस अध्ययनको मुख्य उद्येश्य यस वर्षको बाढीपहिरोमा परेका जनसंख्याको उद्धार तथा राहतमा सरकार, राष्ट्रिय संस्था (निजी तथा सार्वजनिक), सर्वसाधरण, दातृ निकाय र अन्तराष्ट्रिय संस्थाले उपलब्ध गराएको सहयोगको विश्लेशषण गर्नु रहेको छ । यसका साथै नेपालमा बाढिपहिरोका कारण मुख्यत: के रहेका छन् भन्ने सवालहरुलाई पनि यसमा सारांश रुपमा समेटिएको छ । बाढिपहिरोमा हाम्रो भौगोर्भिक अवस्था, मानविय गतिविधि, वनजंगलको विनाश, भारतर्फ नेपालको सिमा नजिकै निर्मित तटवन्धन आदि मुख्य कारक बनेका छन् ।

पछिल्लो समयमा अन्तराष्ट्रिय समुदायमा चर्चाको विषय बनेको मौसम परिवर्तनका कारणले बाढीपहिरो भविष्यमा अझ बढी प्रलयकारी हुने ईंगित गरिएको छ । त्यसैले मौसम परिवर्तनसँग जोडेर बाढीपहिरोको सवाललाई उठाउन सके यसमा अन्तराष्ट्रिय समुदाय जो उद्धार तथा प्रकोप व्यवस्थावनमा सत्रिय रहेका छन्, उनीहरुको पनि पनि ध्यान तान्न सकिने छ ।

बाढीपहिरोमा यी कारक तत्वहरुको चर्चा गर्दै बाढीपहिरो गईसकपछिको अवस्थामा यबसाट पीडित भएकोहरुको उद्धार तथा राहतमा उपलब्ध यस वर्षको स्रोतलाई केन्द्रविन्दुमा राखि भविष्यमा यस प्रकोपको क्षेत्रमा आउने स्रोतलाई कसरी प्रभावकारी, उत्तरदायि, पारदर्शि तथा संयोजित बनाउन सकिन्छ भन्ने विषयलाई वहसको विषय बनाउने यस अध्ययनको उद्येश्य रहेको छ ।

## अध्ययन विधि

यस अध्ययनमा सामाजिक अनुसन्धानमा प्रयोग हुने खास विधिको अध्ययनमा प्रयोग गरिएको छैन । यो अध्ययन तथ्यमा आधारित रहि वर्णात्मक छ । सूचनाको स्रोतको रुपमा प्रत्यक्ष कुराकानी तथा अन्तर्वार्ता, विभिन्न पत्रपत्रिका, विषयसँग सम्बन्धित प्रतिवेदन तथा वेबसाईटलाई आधार मानेर यो अध्ययन प्रतिवेदन तयार पारिएको हो । पत्रकारिताको शैलीमा यो अध्ययन प्रतिवेदन लेखिएको छ ।

## नेपाल किन बाढीपहिरोको जोखिममा छ ?

कमलो भौगर्भिक अवस्था, संवेदनशील हिमाली पारिस्थितिकिय प्रणाली र भिषण मनसुनि वर्षाका कारण भू-क्षय तथा बाढीपहिरोको प्रकोप वर्षेनी बढ्दो छ । वन विनाश, अनुपयुक्त भू-उपयोग, अवैज्ञानिक खेती प्रणाली, अव्यवस्थित पशुपालन, वातावरणिय दुष्परिणामको पूर्व सोचाई बिना सञ्चालित विकास निर्माण कार्यजस्ता मानविय क्रियाकलापले भू-क्षयको समस्यालाई अरु जटिल बनाएको छ ।

उच्च हिमाल, हिमाल, महाभारत, चुरे र तराई गरि भू बनोटलाई ५ भागमा विभाजन गरिएको छ । कुल भू-भागको ८३ प्रतिशत जमिन पहाडले ओगटेको छ भने १७ प्रतिशत जमिन मात्र तराईमा पर्छ । जनसंख्याको ४५ दशमलव ५ प्रतिशत मध्य पहाड तथा चुरियामा, ४७ प्रतिशत भार तराई क्षेत्रले बोकेको छ । त्यसैगरी, ७ दशमलव ३ प्रतिशत उच्च पहाडमा पर्छ । पहिरोको सबैभन्दा बढी समस्या महाभारत श्रृंखलामा छ ।

कमलो माटो र ढुंगाले बनेको महाभारत श्रृंखलामा नै अधिक जनसंख्याको बसोबास छ । । करिव ६ हजारभन्दा बढी साना तथा ठूला नदीनाला र खहरे खोला पहाडी भू-भाग छिचोल्दै तराई भएर बग्छन् । नदी, खोलानाला र पहाडी भूभागधैरै भएका कारण वर्षेनी पहिरोबाट धेरै धनजनको क्षति हुने गरेको छ । वनजंगल, खेतबारी, गाउँसहर भएको पहाडी भिरालो जमिन अथवा खाली जमिन चर्किएर र धस्सिएर ढुंगामाटो, रुखविरुवा आदी तल खस्ने अथवा पानीसहित बग्ने प्रकृयालाई पहरि भनिन्छ । यसले पहाडी

क्षेत्रमा भएका खेतीयोग्य जमिन, गाउँबस्तीलाई प्रतिकुल असर पारिरहेको छ । यसबाट उत्पन्न पहिरोबाट सिर्जित पानीसहितको ढुंगामाटोले पहाडका फेदीका गाउँ, खेतीयोग्य जमिन तराईका गाउँवस्तीलाई बगरमा परिणत गरिदिएको छ । त्यसैगरी ठूला ठूला नदीखोलामा पानीको सतह बढ्ने र त्यसले दिशा परिवर्तन गर्दा सडक, कुलो र गाउँबस्ती बगाइरहेको छ ।

बाढीपहिरोका कारण वर्षेनी खेतीयोग्य जमिन नाश हुने गरेको छ । माटोको मलिलोपन र उत्पादकत्वमा कमी भई खाद्यान्न उत्पादनमा समेत ह्रास आइरहेको छ जसले गर्दा सर्वसाधरणको आर्थिक तथा सामाजिक अवस्था वर्षेनी कमजोर हुदै गएको छ । त्यसमा पनि हाम्रो जस्तो गरिब मुलुकका लागि बाढीपहिरो एउटा यस्तो अभिषाप साबित भएको जसबाट प्रभावित परिवार गरिवीको दुश्चक्रमा फसिरहेका छन् । खान, लगाउन र बस्न पाउने नैसर्गिक अधिकारबाट समेत उनीहरु दिन प्रतिदिन बञ्चित हुँदै गईरहेका छन् ।

साढे एक दशकको इतिहास कोट्याउने हो भनेपनि बाढीपहिरोले गरेको क्षति भयावह छ । बाढीपहिरोले पुऱ्याएको क्षतिलाई नियाल्दा सबै भन्दा बढी सन् १९९३मा भएको देखिन्छ । त्यसवर्ष बाढीपहिरोका कारण अकाल मृत्यु हुनेको संख्या १३३६ रहेको थियो । करीब १७ हजार घर क्षतिग्रस्त बनाएको त्यो वर्षको बाढी पहिरोले करिव ५६ सय हेक्टर उर्वरा जमिन बगाएको थियो ।

## डुबानको अर्को कारण भारतिय तटबन्धन

तटबन्धनको प्रसंगमा हरेक वर्षको वर्षातमा लक्ष्मणपुर बाँधको प्रसंगले विशेष गरि नेपाली राजनीति र सदन तात्ने गरको छ । वर्षातको मौसम सकिए लगत्तै जसरी नदी खोलामा भेल सुस्ताउछ, त्यसरी नै यो विषय फेरि अर्को मनसुनी विपत्ति नआउदा सम्म सेलाउने गरेको छ । वर्षातको समयमा बाँके, बर्दियाका दर्जनौं गाविस डुवानमा पार्ने लक्ष्मणपुर बाँधको निकास खोल्न नेपालसँग भएको सहमति कार्यान्वयनका लागि पटक पटक ताकेता गर्दा पनि भारतले वास्ता गरेको देखिदैन । जसको परिणामस्वरुप भारतिय सिमा क्षेत्रका नेपाली गाउँरु डुवानमा पर्दै आएका छन् ।

नेपाल र भारतबीच ३ वर्ष अघि लक्ष्मणपुर बाँध खोल्ने सहमति भएको थियो । लक्ष्मणपुर बाँध त्यसपछि पनि विवादमा आएपछि यसको छिनोफानो गर्न गठित उच्चस्तरिय प्राविधिक समितिको २८ सेप्टेम्बर २००६मा काठमाडौंमा भएको बैठकमा भारतले सहमति जनाएको थियो । सहमति भए अनुसार बाँध संरचनामा के कति पानीको परिमाण निकस भए नेपाली भू-भाग डुब्दैन भन्ने पत्ता लगाउन उप समिति समेत गठन भएको छ । नेपाली पक्षको उपसमितिले भारतिय अधिकारीलाई आफ्नो प्रतिवेदन दिइसकेको छ । परराष्ट्र मन्त्रालय मार्फत जलस्रोत मन्त्रालयले त्यसको लगत्तै सहमति चाडै कार्यान्वयन गर्न भारतिय दुतावास मार्फत पत्राचार गरिएको थियो ।

## कुटनीतिक क्षमता अभाव

तटवन्धनका कारण सिमाक्षेत्रका नेपाली गाउँहरु डुबानमा पर्दा पनि यसलाई सुल्झाउन नसक्नुमा कुटनीतिक क्षमता अभावको रुपमा लिन सकिन्छ । यस वर्षको वाढीमा पनि विभिन्न दलका शिर्षस्थ नेताहरुले कुटनीटिक क्षमताको कमी भन्दै सरकारको चर्को आलोचना गरे पनि समस्या सुल्झाउनमा तत्परता देखिदैन र सधैंझैं यसलाई 'भारतको मिचाहा प्रवृत्ति'को रुपमा चित्रण गर्ने गरिएको छ ।

साउन २०, २०६४मा बाँकेको बाढीग्रस्त क्षेत्रमा गृहमन्त्री कृष्णप्रसाद सिटौलासँगै पुगेका विधायकहरुले दक्षिणपूर्वी बाँकेको डुबान समस्या समाधान गर्न भारतद्धारा सीमा क्षेत्रमा निर्मित लक्ष्मणपुर बाँध र कलकलवा तटबन्ध भत्काउन सरकारले स्पष्ट नीति लिनुपर्ने बताएका थिए । दैवी प्रकोप उद्धार समितिका

तर्फबाट टोलीलाई डुबानबारे जानकारी गराएपछि विधायकहरुले डुबान समस्याको स्थायी समाधानका लागि लक्ष्मणपुर बाँध र तटबन्ध भत्काउनुको विकल्प नभएको वताका थिए ।

'बाँकेको डुबान समस्या मानव निर्मित हो । सरकारले बाँध भत्काउने अडान लिनै पर्छ,' एमाले नेता बामदेव गौतमले कान्तिपुर दैनिकलाई भनेका थिए 'भारतले नभत्काए अन्तराष्ट्रिय अदालत जानु पर्छ ।' नेता गौतमले बाँध तथा तटबन्धले पुगेको क्षतिपूर्तीसमेत भारतले दिनुपर्ने बताउँदै त्यस्तो मागमा भारतीय जनताले समेत साथ दिने विश्वाश व्यक्त गरे । यसमा माओवादी नेतृ पूर्णा सुवेदीले गौतमको भनाइमा सहमति जनाएकि थिइन् । त्यसैगरी, कांग्रेस उपसभापति शुशिल कोइरालाले परराष्ट्र मन्त्रालय मार्फत सरकारले गम्भीरतासाथ डुबान समस्याबारे कुरा उठाउनु पर्ने वताएका थिए ।

सरकारको कुटनीतिक क्षमता अभावका कारण तराई क्षेत्र डुबानमा परेको आरोप संसदहरुले लगाएका छन् । साउन महिनामा चलेको संसदमा संसदहरुले विशेष समय लिई नेपालको दक्षिणी सिमा क्षेत्रमा भारतले एक तर्फि रुपमा बनाएका बाँध तथा अन्य संरचनाका कारण नेपाली वस्ती डुबानमा परेको उल्लेख गर्दै कुटनीतिक पहल गर्न सरकारको ध्यानाकर्षण गराएका थिए ।

**नेपाली तटवन्धनप्रति भारतको आपत्ति**

धारतिय गन्डक नहरको संचनाका कारण पर्साका २ गाविस डुवानमा परेपछि नेपालले सुरु गरेको तटवन्ध निर्माणप्रति भारतले विरोध गरेको छ । भारतले तटवन्धनबाट आफ्नो भू-भाग डुबानमा पर्ने र रेल्वे ट्र्याक विग्रेको कारण देखाउदै बनाउनु अघि सहमति नलिएकामा आपत्ति प्रकट गरेको छ । भारतले आफ्नो भू-भागमा लगेको बहु चर्चित गन्डक नहरको संरचनाले पर्साको सिक्टा खोलाको पानीले २ गाविस डुवानमा परेपछि नेपालले उत्तर-दक्षिण तटवन्ध निर्माण गरेको हो ।

*१९ साउन २०६४, कान्तिपुर दैनिक*

## मौसम परिवर्तन र बाढीपहिरोको सम्बन्ध

अहिले विश्व समुदायमा 'सुनौलो भविष्य'को नारा उठिरहेको बेला यसलाई प्राकृतिक विपत्ति तथा गरिवी र यसले निम्त्याउने अनेकौं जटिलताले चूनौती दिएका छन् । पानीका मुहान सुक्दैछन् । बाढी पहिरोले नेपालजस्ता विकासोन्मुख मुलुकमा धनजनको क्षति पुऱ्याएको छ । बालीनाली सप्रिएका छैनन्, कुनै समय निर्मुल भएका संक्रामक तथा अन्य नयाँ संक्रामक रोगहरुको पुनरावृत्ति भईरहेको छ । यसको मुख्य कारण बनेको छ मौसम परिवर्तन ।

पाँच वर्ष अघिसम्म पनि सम्पूर्ण विश्व समुदाय मौसम परिवर्तन भईरहेको छ या छैन भन्ने कुरामा वादविवाद गरिरहेका थिए । अहिले आएर यो विवाद समाप्त भइसकेको छ । 'इन्टरनेसनल प्यानल अन क्लाईमेट चेन्ज'को चौथो पुनर्मुल्यांकनले मौसम परिवर्तन एउटा यथार्थता भएको र मानविय गतिविधिको उपज भएको वैज्ञानिक पुष्टि गरेको छ ।

मानविय गतिविधिका कारण उत्पन्न हुने कार्बनडाईअक्साईड, मिथेन, नाइट्रोस अक्साईड लगायतका ग्याँस पृथ्वीको वायुमन्डलभन्दा माथिको हरित गृहमा जम्मा भएको छ । सूर्यबाट पृथ्वीमा आउने ताप पृथ्वीबाट परावर्तन भइ त्यही हरित गृहमा रुमल्लिरहने हुदा यसबाट 'ग्लोबल वार्मिंग' भएको छ जसले पृथ्वीमा मौसम परिवर्तनको अवस्था सिर्जना गरेको छ । मुख्यतः उद्योग, कलकारखाना, सवारी साधनमा पयोग हुने

पेट्रोलिय पदार्थ तथा अन्य जैविक ईन्धनबाट उत्सर्जित 'कार्बन ईमिसन' नै पृथ्वी तातिनुको मुख्य कारण हो। बनजंगलको विनास तथा जैविक विविधतामा आएको ह्रासले मौसम परिवर्तनसँगै उब्जिएका अनेकौं मानविय समस्यालाई बढावा दिएको छ।
'ग्लोबल वार्मिंग'का लागि अमेरिका, क्यानडा, अष्ट्रेलिया युरोपेली मुलुक तथा अन्य औद्योगिक मुलुकहरु नै जिम्मेवार रहेका छन्। उनीहरुले उत्पादन गरेको 'कार्वन ईमिसन'का कारण नेपालजस्ता विकासोन्मुख मुलुकहरु मारमा परेका छन्। यहाँको कृषि उत्पादनमा ह्रास आएको छ भने अन्य बाढीपहिरो, अतिवृष्टि तथ अनावृष्टि जस्ता वातावरणिय चूनौतीहरुको सामना गर्नु परिरहेको छ। केही वर्ष यता मौसम परिवर्तनका प्रत्यक्ष असरहरु विस्तारै उघ्रिदै छन्। यसका कारण निम्तिएको अतिवृष्टि, अनावृष्टि, खडेरी आदिले नेपालको कृषि अर्थतन्त्रमा निर्भर हाम्रोजस्तो मुलुकको अधिकांस समुदायको जिविकापार्जनलाई संकट पुऱ्याउँदै छ।

विश्वको तात्दो वातावरणका कारण हिमालय पर्वत श्रृंखलाहरुको अस्तित्व पनि संकटमा परेको र हिउको मात्रा घट्दै गइरहेको छ। युनेप तथा ईसिमोडले गरेका अनुसन्धानका अनुसार नेपालका झन्डै २० वटा हिमताल कुनैपनि वेला विष्फोट हुन सक्ने छन्। यदी यी हिमताल फुट्ने हो भने यसको विनासले हिमाली क्षेत्र लगायत पहाडी तथा तराई क्षेत्र पनि पुर्णतः प्रभावित हुने छ।

'फाइटिंग क्लाइमेट चेन्जः ह्युमन सोलिड्यारिटी ईन अ डिभाईडेड वर्ल्ड, ह्युमन डेभलपमेन्ट रिपोर्ट २००७'का अनुसार दक्षिण एसियाको उत्तरी भागमा अवस्थित हिमालयको हिउँ १०-१५ मिटरका दरले वर्षेनी घट्दै गईरहेको छ जसका कारण यहाँका नदीनालाहरुमा पानीको बहावलाई बढाउने छ र बाढीपहिरोलाई अझै तिव्र बनाउने छ। यसरी बाढि पहिरोको सम्बन्ध पनि अब यही 'ग्लोबल वार्मिंग' तथा यसबाट सिर्जित मौसम परिवर्तनसँग जोडेर हेर्न थालिएको छ।

मौसम सम्बन्धित प्रकोपहरुले दातृ समुदायलाई वृहत चुनौतीहरु खडा गरि दिएको छ। मौसम परिवर्तनले प्राकृतिक प्रकोपको विषमता तथा त्यसको मात्रालाई बढाई दिएको छ। यस चुनौतिको सामना गर्नका लागि प्रकोप न्युनिकरणका प्रयासमा लगानी वृद्धि गर्नु पर्ने हुन्छ।

**क्योटो प्रोटोकल**

मौसम परिवर्तन सम्बन्धि बहु चर्चित क्योटो प्रोटोकललाई संसारभरका १६४ राष्ट्रले अनुमोदन गरिसकेका छन्। यस महासन्धीलाई अनुमोदन गर्ने राष्ट्रहरुले प्रदुषणको प्रमुख कारक कार्वनडाईअक्साईडको मात्रा घटाउने तथा हरित गृहलाई प्रदुषित तुल्याउने अन्य ग्याँसलाई कम गर्न आवश्यक सुधारका कदम चाल्नु पर्छ।

यस प्रोटोकललाई अनुमोदन गरेका मुलुकहरुले हरित गृह प्रभामा झन्डै ६५ प्रतिशत भन्दा बढी स्थान ओगटेका छन्। आश्चर्य लाग्दो कुरा के छ भने प्रदुषित ग्यासको अधिकांश हिस्सा अर्थात ६१ प्रतिशतभन्दा बढी विकसित तथा औद्योगिक मुलुकले ओगटेका छन्। हरितगृहमा असर पुगेका बाकि ४ प्रतिशत हिस्सा विकासोन्मुख मुलुकको रहेको छ। यसबाट के स्पष्ट हुन्छ भने मौसम परिवर्तनका प्रमुख भागिदार विकसित तथा औद्योगिक मुलुकहरु नै हुन्। हरितगृहमा नेपालबाट उत्पन्न हुने ग्याँस नगन्य नै छ। नेपालले यस क्योटो प्रोटोकललाई सन् १९९९मा सदनबाट अनुमोदन गरेको थियो।

क्योटो प्रोटोकललाई ईमान्दारिता साथ पालना गर्ने हो भने मौसम परिवर्तन निम्त्याउनमा कुनै किसिमको भागिदार नरहेका मुलुकहरुले प्रत्यक्ष, अप्रत्यक्ष रुपमा क्षतिपूर्ति पाउनु पर्ने हुन्छ। यस क्योटो प्रोटोकलको कार्यावधि सन् २०१२ मा समाप्त हुदैछ जसमा विकसित तथा आद्योगिक मुलुकहरुले हरित गृह ग्यास कटौतिमा प्रतिवद्धता जाहेर गरेका छन् भने हरित गृह ग्यास उत्पादनमा न्युन भूमिका रहेका विकासोन्मुख मुलुकमा परेको मौसम परिवर्तनको असर क मगर्नका लागि प्रविधि विस्तार तथा सहयोग उपलब्ध गराउने सवालमा प्रतिवद्धता जाहेर गरेका छन्। अमेरिका र अष्ट्रेलियालेक्याटो प्रोटोकलमा हस्ताक्षर गरेपनि यसलाई अनुमोदन भने गरेका छैनन्। हरित गृह ग्याँस उत्पादनमा सबैभन्दा बढि भागिदार अमेरिका नै रहेको छ भने अष्ट्रेलिया पनि यसको एक प्रमुख भागिदार राष्ट्रको रुपमा उभिएको छ। तर अष्ट्रेलियमा यस वर्ष सम्पन्न चुनावमा सत्तारुढ दलले मौसम परिवर्तनको सवालमा देखाएको अनुदारताका कारण हार्नुको एक प्रमुख कारक बनेको थियो। अहिलेको परिवर्तित अष्ट्रेलियाली सरकारले यस क्योटो प्रोटोकल अन्मोदनमा चासो देखाई सकेको छ।

## उद्धार, राहत, पुनर्स्थापना तथा पुननिर्माण

सधैं झैं यस वर्ष पनि बाढीपहिरोले पुर्‍याउने जनधनको क्षति कहालि लाग्दो छ । गृह मन्त्रालयका अनुसार २०६४ सालमा गएको बाढिपहिरोबाट १ सय ९६ जनाको अकाल मृत्यु भएको छ । बाढीपहिरोबाट मुलुकका ४ दर्जन जिल्ला प्रभावित भए । ७८ हजार भन्दा बढी घरपरिवार बाढीका कारण प्रभावित भएका छन् । २२ हजार भन्दा बढी घरहरु पूर्णतः नष्ट भएका छन् भने थप ३४ हजार घरहरुमा क्षति पुगेको छ ।

सयौं हेक्टर उर्वरा जमिन बालुवामा परिणत भएका छन् । यस पटकको बाढीपहिरोले पुर्‍याएको क्षतिको वास्तविक अध्ययन नभए पनि यी प्रस्तुत आँकडाले भयावह चित्र प्रस्तुत गर्दछन् ।

यस वर्षको बाढीपहिरोमा परेकाहरुको उद्धार तथा राहतमा प्रवाह भएको स्रोतको विश्लेषण गर्दा सरकार, दातृ तथा अन्तराष्ट्रिय समुदाय, गैरसरकारी संस्था, नीजि संस्था, व्यापारिक प्रतिष्ठान, विभिन्न पेशागत समुह र सर्वसाधरण नागरिकहरुबाट उठेको सहयोगको लेखाजोखा गर्दा यस वर्ष करिव १ अर्ब रुपैयाँ सहयोग उद्धार तथा केही मात्रामा पुर्नस्थापनाका लागि खर्च गरिएको छ । यद्यपि सहयोगको वजन पुनर्स्थापन तथा पुननिर्माण कार्यको तुलनामा बढी उद्धार केन्द्रित देखिन्छ ।

खट्केको पक्ष के हो भने तत्काल राहत तथा उद्धारका लागि राज्य, दातृ तथा अन्तराष्ट्रिय समुदाय सक्रिय रहे पनि पीडितहरुको दिर्घकालिन पुनर्स्थापनका लागि भने खासै चासो देखाईएको पाईदैन । पुननिर्मण तथा पुनर्स्थापनका लागि सरकारी सहयोग, जवाफदेहितापन, उत्तरदायित्वको अभिभारा न्युन देखिन्छ । प्राकृतिक विपित्तमा परि ज्यान गुमाउने, घाइते तथा, पुनर्स्थापनका नाममा केही हजार रकमको व्यवस्था कायम गरेका भन्दै सरकार पीडितहरुको बाध्यतामा असंवेदनशिल बनेको स्पष्ट छ ।

त्यसैगरी दातृ निकाय तथा अन्तराष्ट्रिय समुदायबाट उपलब्ध हुने रकम तत्काल राहत र उद्धारमा मात्र सिमित रहेको छ । तात्कालिन उद्धारमा करोडौं रुपैयाँ बराबरको सहयोग उपलब्ध हुने भएपनि पीडितहरुको पुनर्स्थापन तथा पुननिर्माणमा कम तदारुकता देखिएको छ । यस वर्ष बाढीपहिरोबाट पीडित परिवार एक वर्ष नपुग्दै फेरी त्यही प्रकोपको मार खेपि रहेका छन् । यो बीचमा पनि उनीहरुले असह्य जाडो तथा शितलहर जस्ता अन्य प्राकृतिक विपित्तको मार खेप्नु पर्ने बाध्यता छ ।

समुदायमा रहेका सार्वजनिक महत्वका संरचनाहरु जस्तैः विद्यालय, स्वास्थ्य चौंकि, पुल, सिचाईको पूर्वाधार नष्ट हुन पुग्दा यसबाट समुदायले विभिन्न खाले समस्या झेल्नु परेको छ । अर्थात प्रकोपको यो दुष्चक्र उनीहरुका लागि यो कहिल्यै नटुंगिने एक दुखको परम्परा बनको छ ।

**विद्यालय सुरक्षा किन ?**

**विद्यालयमा हुने प्रकोपजन्य असुरक्षाले शिक्षाको पहुँच तथा गुणस्तरिय शिक्षामा खतरा पुऱ्याउँनुका साथै 'सहश्राब्दी-एमडिजी' लक्ष प्राप्तीमा अवरोध खडा गर्छ ।**

सन् २००६को मे महिनासम्मको तथ्यांक केलाउदा ६३ लाख बालबालिका विद्यालय भर्ना भएका छन् । यी मध्ये ४३ लाख मात्र त प्राथमिक विद्यालयमा अध्ययनरत छन् । बालबालिकाहरु स्वभावैले पनि अन्य उमेर समुह भन्दा फरक स्वभाव र प्रकृतिका हुन्छन्, त्यसैले विद्यालय सुरक्षा कार्यक्रमहरु पनि उनीहरु सुहाउँदो हुनु जरुरी छ । प्रकोपलाई सामना गर्ने केटा र केटीका पनि फरक क्षमता हुन्छन् ।

वर्षेनी आउने बाढीपहिरोका कारण कि उनीहरु घाईते हुन्छन् अथवा उनीहरुको अकाल मृत्यु हुन पुग्छ । अथवा बालबालिकाको बाढीपहिरोका कारण मृत्युको मुखमा नपुग्न वा घाइते नहुन पनि सक्छन् । तर यसले उनीहरुको पढाईमा अवरोध निम्त्याउँछ । यसले गर्दा शिक्षा सम्बन्धि 'एमडिजी' प्राप्तीमा यसले अवरोध खडा गर्छ जसले विद्यालयमा पहुँच र गुणात्मक शिक्षामा प्रत्यक्ष प्रभाव पार्नेछ । नेपालमा वर्षेनी गईरहने बाढी पहिरोका कारण बालबालिका विद्यालय जानबाट वन्चित रहेका छन् । त्यसैगरी भविष्यमा आउन सक्ने सम्भावित भुकम्पका कारण लामो समय सम्म विद्यालय बालबालिकाको पहुँच वाहिर हुन सक्छन् । त्यसैगरी शिक्षकहरु घाईते वा मृत्यु भएमा वा विद्यालयका भौतिक पुर्वाधारको नष्ट भएमा यसबाट गुणस्तरिय शिक्षामा ह्रास आउने छ । प्रकोपमा परि घाईते भएका वा मृतयु भएका शिक्षकहरुका कारण समाज वा राष्ट्रमा अपुरणिय क्षति पुग्नेछ ।

*विद्यालय सुरक्षा परियोजना-डिपिको तथा डिआरआर प्रोजेक्ट- एक्सनएड नेपाल*

## उद्धारमा कठिनाइ

सरकार तथा उद्धारकार्यमा सम्लग्न अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले उद्धारमा कठिनाई भएको उल्लेख गरेका छन् । प्रतिकुल मौसम तथा तराई क्षेत्रमा रहेको राजनैतिक अस्थिरता तथा असुरक्षाका कारण राहत तथा उद्धार कार्य प्रभावित बन्न पुग्यो । सरकारले प्रतिकुल मौसमकाका कारण बाढी पीडितहरुको उद्धारमा कठिनाई भएको वताएको थियो । गृहमन्त्री कृष्णप्रसाद सिटौलाले अत्यावश्यक राहत सामाग्री तयारी अवस्थामा रहे पनि त्यसलाई बाढीपहिरोग्रस्त क्षेत्रमा पुऱ्याउन नसकिएको जानकारी अन्तरिम संसदलाई साउन १२ गते दिएका थिए । पीडितहरुको उद्धारमा क्रियाशिल नभएको भन्दै सांसदहरुले सरकारको चर्को विरोध गरेपछि गृहमन्त्री सिटौलाले प्रतिकुल मौसमका कारण समस्या परेको बताएका थिए ।

त्यसैगरी तराईमा चर्किएको हिंसाका कारण पनि यस पटकको बाढीको मारमा परेका तराई क्षेत्रमा उद्धार कार्य प्रभावित बन्न पुगेको अनुभव उद्धार तथा राहत वितरणमा सक्रिय रहेका संघ संस्थाको रहेको छ । पुर्वी तथा मध्य तराई फैलिएको हिंसाका कारण मानविय सहयोगमा उत्रिएका संघ संस्थाहरुलाई सुरुको अवस्तामा छिर्न भयको वातावरण थियो । त्यसैगरी विभिन्न समुहले गरको बन्द तथा हड्तालका कारण उद्धार तथा राहत वितरणमा ढिलाई हुन पुग्यो ।

यसैलाई ध्यानमा राखि नेपाल स्थित संयुक्त राष्ट्र संघिय ह्यमानिटेरियन कोअर्डिनेटरले उद्धार तथा राहत वितरणमा मानविय संघ संस्थालाई बाधा नपुऱ्याउन तथा पीडितहरुको राहत तथा उद्धारमा पहुँच पुऱ्याउन तराईमा संघर्षरत सबै समुहलाई अगस्ट १, २००७मा अपिल जारी गरेको थियो ।

त्यसैगरी यसै वर्ष जेठ १७ गते गृह मन्त्रालय र संयुक्त राष्ट्रसंघले ठूलो तहमा हुने प्राकृतिक प्रकोप तथा आकस्मिक अवस्थामा राहत सामाग्री विना झन्झट तत्काल भन्सार मार्फत भित्राउने सहमतिको सम्झौतापत्रमा हस्ताक्षर समेत गरेका छन् ।

## राज्यले खेलेको दायित्व

बाढीपहिरो, आगलागि लगायतका दैवी विपत्तिबाट पीडितलाई तत्काल उद्धार कार्यमा समन्वय गर्ने जिम्मा गृहमन्त्रालय अन्तर्गतको 'लागू औषध नियन्त्रण तथा दैवी प्रकोप व्यवस्थापन' विभागको रहेको छ । प्राकृतिक प्रकोपको रोकथाम, नियन्त्रण, विपत्तिमा परेकाका हितमा सरोकारवाला मन्त्रालय र विभागसँग समन्यव गर्ने जिम्मेवारी विभागलाई दिईएको छ । मुलुकका जुनसुकै भागमा प्रकोपका घटना भएपछि प्रमुख जिल्ला अधिकारीमार्फत उक्त विभागमा जानकारी आउछ । २४सैं घन्टा खुल्ला रहने गृह मन्त्रालयको नियन्त्रण कक्षबाट सूचना संकलन गरिन्छ । यही केन्द्रिय उद्धार कार्यको पहिलो विन्दु हो ।

जिल्लास्तरमा सुरक्षाकर्मीको संख्या नपुग भएमा र हेलिकप्टर प्रयोग गरेर घटनास्थल पुऱ्याउने कार्यमा विभागले समन्वय गरिदिन्छ । त्यसका साथै विपत्तिमा पर्नेलई राहत वितरण पनि गर्ने गरेको छ । सरकारले दैवी प्रकोप उद्धारका लागि प्रत्येक वर्ष २ करोड ५० लाख रुपैया छुट्टाउदै आएकोमा यो वर्ष उक्त रकममा दोब्बर वृद्धि भएर ५ करोड रुपैयाँ पुगेको छ । केन्द्रीय समितिको निर्णय अनुसार तय भएको मापदन्ड अनुसार विभागले प्रभावित जिल्लामा राहत स्वरुप रकम पठाउने गरेको छ ।

विभागले बाढीपहिरो, आगजनी जस्ता घटना भइसकेपछि उद्धार र राहत वितरणको सिमित कार्यमात्रै गर्दै आइरहेका छन् । गृहमन्त्री अध्यक्ष रहने केन्द्रिय दैवी प्रकोप उद्धार समितिको सचिवालयको काम समेत विभागले गर्ने गरेको छ । तर, विभागसँग आफ्नो कार्यक्षेत्रभित्र पर्ने जोखिम स्थलको पहिचान, पूर्वसूचना र तत्काल बच्ने उपाय लगायतका रोकथामका लागि आवश्यक चुस्त संयन्त्र भने छैन । विभागमा आर्थिक स्रोतको अभाव टड्कारो देखिन्छ । जिल्लाको माग अनुसारको रकम पठाउने हो भने वार्षिक ५० करोड रुपैयाँभन्दा बढी रकम छुट्टाउनु पर्ने विवरण विभागसँग छ ।

गृह मन्त्रालयले यस वर्षको बाढीपहिरोमा परेका घरपरिवारलाई ३ महिना सम्म खाद्यान्न परिचालन गर्नका लागि विश्व खाद्य संगठनलाई आग्रह गरेको थियो ।

## समन्वयताको अभाव

प्रकोपबाट मानवीय र भौतिक क्षति हुन नदिने, विस्थापितलाई पुनर्स्थापना गराउने लगायतका उद्येश्यले स्थापित सरकारका अन्य निकायसँग पनि पनि 'लागू औषध नियन्त्रण तथा दैवी प्रकोप व्यवस्थापन' विभागको प्रभावकारी समन्वय छैन । त्यसतर्फ पहल समेत भएको छैन । बाढीपहिरो लगायतका प्रकोप हुन सक्ने स्थानको पहिचान, तथ्यांक संकलन, संभावित क्षेत्रको नक्सांकन, व्यवस्थित बसोबास र तटवन्धन लगायतका काम गर्ने अन्य सरकारी निकायसँग विभागको सहकार्य हुन सकेको छैन । यस विभागका कर्मचारी सबै प्रशासनतर्फका मात्र छन् । विभिन्न मन्त्रालयमा सरुवा भइरहने हुँदा उनीहरुबाट विशेषज्ञताको अपेक्षा गर्न सकिदैन ।

## सरोकारवाला अन्य सरकारी निकाय :

बाढीपहिरो नियन्त्रण, पीडितको उद्धार, राहत र पुनर्स्थापना क्षेत्रमा करिब १०वटा निकायको प्रत्यक्ष संलग्नता देखिन्छ । केन्द्रीयस्तरमा हेर्ने हो भने सरकारका दुईवटा मन्त्रालय (गृह र स्थानीय विकास) र जल तथा मौसम, जलउत्पन्न प्रकोप रोकथाम र भू-तथा जलाधार संरक्षणको यसमा प्रत्यक्ष संलग्नता छ । त्यसैगरी, स्थानीय सरकारका निकायमा जिविस, गाविस र नगरपालिका, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र जिल्लास्तरिय परियोजनाहरुको पनि संलग्नता छ ।

विशेषगरी जल उत्पन्न प्रकोप नियन्त्रण, सिचाई, सडक, भू तथा जलाधार संरक्षण, खानी तथा भू-गर्भ विभाग लगायतका सरकारी निकायका तर्फबाट सवैभन्दा बढी क्रियाशिल हुनुपर्ने देखिन्छ ।

यी विभागले बाढीपहिरोबाट प्रभावित जनतालाई तत्काल उद्धार, राहत र पुनः बसोबास गराउदैनन् । बाढीपहिरोपछिको व्यवस्थापन गर्ने उद्येश्यले यी स्थापित भएका पनि होइनन् । यि विभागको लक्ष भनेको बाढीपहिरो जस्ता प्रकोपको दिगो समाधान खोज्नु हो । समग्रमा भन्ने हो भने प्राकृतिक र वातावरणिय क्षति न्युनिकरणका लागि दिर्घकालिन समाधानको पहिचान र त्यसको कार्यान्वयनमा जोड दिने उद्येश्यले यि विभागको स्थापना गरिएको बुझिन्छ ।

जल उत्पन्न प्रकोप नियन्त्रण विभागले जापान अन्तराष्ट्रिय सहयोग (जाइका) मार्फत २०५६ देखि प्रकोप न्युनिकरण सहयोग कार्यक्रम सञ्चालन गरेको थियो । जलउत्पन्न प्रकोपको प्रभावलाई न्युनिकरण गर्न सरकारको क्षमता अभिवृद्धि गर्ने यसको प्रमुख उद्येश्य हो । यसले बाढीपहिरो गएपछि तत्काल गर्नुपर्ने काम कुनै पनि गर्दैन । यसले अधिराज्यका केही बाढीपहिरो स्थललाई नमुनाको रुपमा विस्तृति अध्ययन मात्र गरेको पाइन्छ ।

अर्को छ भू-तथा जलाधार संरक्षण विभाग । यसको मुख्य उद्येश्य अधिराज्यका महत्वपूर्ण जलाधार क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गरि बाढिपहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै, पारिस्थितिकिय सन्तुलन कायम राख्न सघाउ पुऱ्याउनुका साथै जनताको जीवनस्तर उकास्न र वातावरणिय सन्तुलन कायम राख्न भू-संरक्षण तथा जलाधार व्यवस्थापनको प्रयासद्धारा रोकथाम गरि जमिनको उर्वराशक्ति बढाउनु हो । यस विभागले जिल्ला भूसंरक्षण कार्यालय मार्फत कार्यक्रम संचालन गरिरहेको छ । यस विभागले सरकार तथा अन्तराष्ट्रिय संघसंस्था डानिडा, जर्मन सहयोग, अमेरिकी सहयोग नियोग, अष्ट्रेलियन सहयोग, केयर नेपाल, युरोपियन समुदाय, जाईका आदीको आर्थिक तथा प्राविधिक सहयोगमा आयोजनाहरु सञ्चालन गरेको छ ।

जलस्रोत मन्त्रालय अन्तर्गतको सिचाई विभागलाई नदी, एबं बाढी नियन्त्रण सम्बन्धि काम गर्न मुख्य जिम्मेवारी दिईएको छ । तर यसको पनि बाढीपहिरो गएपछिको उद्धार, राहत र पुनःस्थापनामा कुनै भूमिका देखिदैन । जलतथा मौसम विज्ञान विभाग, जलउत्पन्न प्रकोप नियन्त्रण विभाग र भू-जलाधार संरक्षण विभाग यस कार्यमा थप सहयोग पुऱ्याउने निकाय हुन् । त्यसैगरी अन्य विभागले पनि आ-आफ्नै तवरमा विदेशि संघसंस्थाको सहयोगमा काम गर्दै आएका छन् ।

बाढिपहिरो नियन्त्रण, पीडितको उद्धार, राहत र पुनःस्थापनाका क्षेत्रमा करिव दशवटा निकायको प्रत्यक्ष संलग्नता देखिए पनि बाढिपहिरो गएपछिका ३ चरण उद्धार, राहत र पुनःस्थापनामा यी निकायको कुनै संलग्नता छैन ।

**बाढीपहिरो व्यवस्थापन :**

बाढीपहिरोको व्यवस्थापनमा मुख्यतः ३ चरणहरु रहेका छन् । ती हुन उद्धार, राहत र पुनर्स्थापन ।

**क) उद्धार :**

बढीपहिरो गएपछि तत्काल घटनास्थलमा पुगेर गर्ने काम उद्धार हो । उद्धार अन्तर्गत स्वास्थ्य चौकीमा पु¥याउने, पहिरोमा पुरिएका र बाढीमा बगेकाको खोजी तथा उद्धार गर्ने र असुरक्षित ठाउँमा भएकालाई सुरक्षित स्थानमा सार्ने गरिन्छ ।यो काम विशेगा गरि गृह मन्त्रालय अन्तर्गत रहेको लागू औषध नियन्त्रण तथा दैवी प्रकोप व्यवस्थापन विभागले गर्दै आएको छ ।

बाढीपहिरो जाने वित्तिकै प्रमुख जिल्ला अधिकारी (सिडिओ)को अध्यक्षतामा गठित बाढीपहिरो उद्धार समितिले उद्धार कार्यका लागि स्थानीय प्रहरी, सेना र नागरिकबीच समन्वयको गर्छ । सिसडओले उद्धार कार्यका लागि स्थानीय साधन स्रोतले अपुग भएमा गृह मन्त्रालयको सहयोग माग्छन् । साथै देवी प्रकोप उद्धारमा आवश्यक साधनस्रोत (हेलिकप्टर, सुरक्षाकर्मी, लगायतका साधनस्रोत) बारे मन्त्रालयलाई जानकारी दिन्छन् । गृहमन्त्रालयले सम्बन्धित निकाय (रक्षा मन्त्रालय वा निजी कम्पनी) मार्फत हेलिकप्टरको व्यवस्था मिलाईदिन्छ भने सुरक्षाकर्मीहरु प्रहरी र सैनिक प्रधानकायालाईलाई भनेर घटनास्थलमा पठाउने व्यवस्था मिलाउँने गरेको छ ।

तर यो प्रकृया लामो छ जसले गर्दा बाढीपहिरो प्रभावित क्षेत्रमा धेरै क्षति भइसकेको हुन्छ । सिमित स्रोत र साधन यसको प्रमुख कारण हो भने भएका साधन स्रोतको पनि बाढिपहिरोको बेला राजनैतिक उद्येश्य परिपूर्ति गर्न विभिन्न राजनैतिक दलहरुले दुरुपयोग पनि गर्ने गरेका छन् । प्रकोप क्षति न्यूनिकरण तथा तत्काल उद्धारका लागि राजनीतिक प्रतिवद्धता खड्किएको छ ।

गृहमन्त्रालय लागू औषध नियन्त्रण तथा दैवी प्रकोप व्यवस्थापन विभागले बाढीपहिरोबाट विस्थापित समुदायलाई तत्कालका लागि अस्थायी बसोबास मिलाईदिन्छ र सरकरी नियम अनुसार उनीहरुलाई क्षतिपूर्तीको व्यवस्था गरिदिन्छ । तर दिर्घ कालिन रुपमा पीडित पक्षलाई राहत बसोबारको व्यवस्था गरिदिने काम सरकारी तथा गैरसरकारी निकायबाट हुदैन । पीडित पक्षलाई पुनः बसोबासको व्यवस्था मिलाउने जिम्मा भौतिक योजना तथा निर्माण मन्त्रालयलाई दिईएको छ ।

तर पनि यथार्थता यस्तो देखिएको छ कि गैरसरकारी तथा निजी क्षेत्रका उद्धार कार्यको तुलनामा सरकार नै बढी प्भावकारी मानिन्छ । किनकि उद्धार कार्यमा हेलिकप्टर र धेरै संखमा सुरक्षाकर्मीको आवश्यकता पर्छ जुन सरकारले मात्र उपलब्ध गराउन सक्छ । तर विडम्बनाको कुरा बाढीपहिरो जानूपूर्व नै उपकरण तथा मानवशक्ति तयार गर्ने, सुरक्षाकर्मीलाई उद्धारका लाथि पर्याप्त तालिम दिने जस्ता काम कहिल्यै भएनन् ।

समयमै उद्धार हुन नसक्नुमा अर्को कारण पनि छ, त्यो हो भौगोलिक विकटता र मौसमको प्रतिकुलता । मुलुकका अधिकांश पहाडी मुलुकमा सडक पुग्न सकेको छैन भने भएका सडक पनि बाढी पहिरोका कारण अवरुद्ध हुने गरेका छन् । प्रतिकुल मौसमका कारण हेलिकप्टर पनि तत्काल घटनास्थल पुग्न नसकेका उदाहरणहरु पनि प्रशस्त छन् ।

**ख) राहत :**

प्रकोप पीडितहरुको राहतका लागि गृहमन्त्रीको अध्यक्षतामा केन्द्रीय दैवी प्रकोप उद्धार समिति व्यवस्था गरिएको छ । यसले पीडित परिवारको राहतका लागि बजेट निकासा लगायतका काम गर्छ । केन्द्रीय समितिका निर्णय र निर्देशन कार्यान्वयन गर्न जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अर्को समिति हुन्छ जसले उद्धार र राहत वितरणको प्रवन्ध गर्छ ।

विभागले केन्द्रिय समितिले निर्धारण गरेको राहत मापदन्ड अनुसार प्रभावित जिल्लामा रकम पठाउने गरेको छ । सरकारी मापदन्ड अनुसार बाढीपहिरोमा परि मृत्यु हुनेलाई २५ हजार, घाइते विरामीको सरकारी अस्पतालमा उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च, घरवार विहिन बनेकालाई अस्थायी आश्रयका लागि १० हजार रुपैयाँ सरकारले उपलब्ध गराउँ छ ।

सरकारी मापदन्डको राहत पीडित परिवारको जीवन निर्वाहका लागि अत्यन्त कम मानिन्छ । र यो पनि छोटो अवधिका लागि हुन्छ । सबै पींडितहरुको रातमा पहुँच पनि हुने गरेको छैन । राहत वितरणमा हुने अनियमितताका प्रसंग पनि उठ्ने गरेका छन् ।

**ग) पुनर्स्थापन**

अहिलेको सन्दर्भमा पुनर्स्थापन अति जटिल र महंगो समस्याको रुपमा देखा परेको छ । यसबारे सरकारसँग स्पष्ट नीति र दिर्घकालिन योजनाको अभाव छ । बाढीपहिरो पीडित परिवारलाई कहाँ ? कसरी ? कसले ? पुनर्स्थापन जस्ता प्रश्नका स्पष्ट जवाफ अहिले पनि पाइँदैन । विस्थापित परिवारलाई भौतिक पूर्वाधारसहित पुनः बसोबासको व्यवस्था गर्नु अहिले सरकारको सबैभन्दा ठूलो चुनौती हो । अहिले पनि मुलुकका विभिन्न स्थानमा बाढीपरिहोबाट विस्थापित परिवार त्रिपाल र पोलिथिनका छानामुनि सुत्न बाध्य छन् । यस्ता घरपरिवारलाई पुनःबसोबासको व्यवस्थ ागर्ने सरकारी निकाय अन्योलमा छ ।

सरकारका लागि मात्र होइन गैरसरकारी संस्थाका लागि पनि पुनर्स्थापन चुनौतिको रुपमा देखिएको छ किनकि वर्षेनी सयौं परिवार घरवारविहिन छन् । प्रकोपको समयमा राज्य तथा गैरसरकारी संस्था सबे संयन्त्र उद्धार र राहतमै केन्द्रित देखिन्छन् । यो आवश्यक पनि छ । तर पुनर्स्थापन तथा पुनर्निर्माण पनि अर्को महत्वपूर्ण आवश्यकता हो ।

पुनर्स्थापन तथा पुनर्निर्माणमा कसले ? कसरी ? काम गरिरहेका छन् भन्ने जानकारी सरकारका सम्बन्धित निकायसँग छैन । काम भए नभएको हेर्ने निकाय त छदै छैन भन्दा पनि हुन्छ । पीडित परिवारलाई पुनर्स्थापन गराउने काम सरकारबाट मात्र पनि संभव देखिदैन । यसका लागि ठूलो धनराशीको आवश्यकता पर्दछ जुन सरकराले मात्र उपलब्ध गराउन सक्ने स्थिति छैन । यसमा सबै राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाबीच समन्वय हुनु नितान्त आवश्यक छ । पुनर्स्थापन तथा पुनर्निर्माणलाई सरकारले प्याकेज कार्यक्रमका रुपमा अगाडी बढाउनु पर्छ । यसमा सबै मन्त्रालयको समन्वयताको पनि आवश्यकता पर्छ ।

पीडित परिवारलाई पुनर्स्थापन गरेर मात्र हुँदैन । उनीहरुको जिविकोपार्जनका लागि राज्यले विभिन्न आयमुलक कार्यक्रमको व्यवस्था वर्नु पर्छ । कृषि क्षेत्रमा अनुदानको व्यवस्था हुनु पर्छ र कम ब्याजदरमा बैकबाट रिण उपलब्ध गराउनु पर्छ ।

## बाढीपहिरो पीडितका लागि सहयोग

### सरकार

गृहमन्त्रालय अन्तर्गतको लागू औषध तथा दैवी प्रकोप व्यवस्थापन विभागका लागि सरकारले यस वर्ष देखि उद्धार, राहत तथा पुनर्स्थापनका लागि ५करोड रुपैया छुट्टाएको छ । त्यसैगरी,प्राकृतिक प्रकोप पीडितहरुको उद्धार तथा राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष पनि गठन गरिएको छ । सरकारले यस कोषलाई यस वर्ष ५ करोड रुपैयाँ छुट्टाएको छ । त्यसैगरी विभिन्न संघ संस्थाद्धारा संकलित रकम पनि यस कोषमा जम्मा भएको छ । जस्तै : नेपाली सेनाले बाढीपहिरो पीडितको सहयोगका लागि ३४ लाख ५ हजार रुपैयाँ जम्मा गरि यस कोषमा जम्मा गरेको छ ।

### सांसदद्धारा राहत

अन्तरिम संसदले सम्पूर्ण सांसदको ५ दिनको पारिश्रमिक बाढी पीडितको राहतका लागि उपलब्ध गराउने निर्णय गरेको थियो । पीडितहरुको उद्धारको लागि ३ सय ३० जना अन्तरिम सांसदहरुले ५ दिनको पारिश्रमिक उपलब्ध गराउन सभामुख सुवासचन्द्र नेम्वांगले राखेको प्रस्तावले बैठकले सर्वसम्मतिबाट पारित गरेको थियो।

### संचार माध्यमको भूमिका

प्रकोप तथा विपित्तको अवस्थामा समाचार सम्प्रेषण गर्दै उद्धार तथा रहत कर्यलाई गति दिनका लागि नेपाली संचार माध्यमको उल्लेख्य भुमिका रहेको देखिन्छ जुन यस वर्ष बाढीपहिरोको समयमा पनि देखियो । संचार माध्यममा सम्प्रेषित समाचारका कारण मानविय उद्धार लागि गति दिन उत्प्रेरकको भूमिका खेल्यो । बाढी पहिरोमा परि जनधनको क्षतिबारेको अवस्थालाई सार्वजनिक गर्न तथा उद्धार कार्यलाई चुस्त बनाउन संचार माध्यमको भुमिका प्रभावकारी रह्यो ।

यस वर्ष पनि नेपाली संचार माध्यमले नेपाल-भारतबीचको बाँधको प्रसंगलाई समेत जोडदारका रुपमा उठाएका छन् । सिमापार भारतिय भूमिमा रहेका बाँध वर्षातमा नखोल्दिनाले नेपाली भू-भाग डुबानमा परको तथ्यहरु पनि यस वर्ष संचार माध्यममा सार्वजनिक भए जसले सदन तथा सरकारको ध्यानकर्षण भएको थियो ।

**मन्त्रीहरु बढीग्रस्त क्षेत्रमा**
अविरल वर्षाले डुबानमा परेको दुई सातापछि सरकारका दुई मन्त्रीले आइतबार उद्धार र राहतको स्थिति बुझ्न बाँके र बर्दियाको भ्रमण गरेका छन् । भ्रमणका लागि उनीहरुले छुट्टाछुट्टै हेलिकप्टर प्रयोग गरे । स्वास्थ्यमन्त्री गिरिराजमणि पोखेल बिहानै फिस्टेल एउयरको हेलिकप्टरबाट नेपालगञ्ज आइपुगेको थिए । उनी भेरी अञ्चल अस्पताल निरीक्षण गरेर बाढीग्रस्त क्षेत्रको भ्रमणमा निस्केको दुई घन्टापछि गृहमन्त्री कृष्णप्रसाद सिटौला सेनाको हेलिकप्टरमा आएका हुन् । भ्रमणमा उनीसँगै बाँके र बर्दियाका एक दर्जनभन्दा बढी सांसद समेत थिए ।
'म छुट्टै कार्यक्रममा आएको हुँ,' स्वास्थ्यमन्त्री पोखरेलले भने 'गृहमन्त्री आउने कुरा मैले यहीँ आएर थाहा पाए ।' उनी स्वास्थ्य अधिकारीसहित बाढीग्रस्त क्षेत्रको भ्रमणमा छन् । बाढी प्रभावित क्षेत्रमा सरकारी स्थलगत निरीक्षण ढिलो भएको स्वीकार्दै उनले भने 'संयोजन हुन सकेन । भइदिएको भए राम्रो हुन्थ्यो ।'
एउटै हेलिकप्टरबाट आउन सक्नेमा दुइटा प्रयोग गर्दा यातायात खर्च भने दोब्बर भएको छ । दुवै मन्त्रीको टोलीले बाढीग्रस्त गाउँमा पीडितलाई भने कुनै सहयोग गरेनन् । गृहमन्त्री सिटौलाले भने दोहोरो खर्चलाई दुरुपयोग भन्न नमिल्ने बताए ।

*२०६४ साउन २० गतेको कान्तिपुर दैनिकबाट साभार*

त्यसैगरी विभिन्न संचार गृहहरुले बाढिपहिरोमा परेकाहरुको उद्धारका लागि सहयोग जुटाउनका लागि अभियान नै चालेका थिए । यस वर्ष कान्तिपुर प्रकाशन बाढीपहिरोको सहयोगका लागि रकम संकलन गर्न अभियान नै चलाएका थिए । उक्त अभियानबाट संकलित करिव ८० लाख रुपैयाँ यही प्रधानमन्त्री उद्धार कोषमा जम्मा भएको छ । त्यसैगरी ईमेज च्यानलको अभियान अन्तर्गत जम्मा भएको २८ लाख रुपैया पनि उक्त कोषमा जम्मा भएको छ । ईमेज च्यानल प्रालीले ४ ट्रक बराबर लत्ताकपडा समेत बाढि पीडित क्षेत्रमा वितरण गरेको थियो । एचबिसि एफएम प्रालीले २ लाख रुपैयाँ नेपाल रेडक्रस सोसाईटीमा जम्मा गरिएको थियो । त्यसैगरि अन्य सञ्चार माध्यमबाट पनि सहयोग रकम जम्मा भएको छ ।

बाढीपहिरोमा परेकाहरुको उद्धार तथा राहतका लागि संचारमाधयमले चलाएको अभियानमा सार्वजनिक संस्था तथा सर्वसाधरणले रकम सहयोग गरेको थिए ।

## नेपाल रेडक्रस सोसाईटी

जुनसुकै प्राकृतिक तथा मानविय विपत्तिमा सबै भन्दा अगाडी रहेको नेपाल रेडक्रस सोसाईटीले पनि विभिन्न निकायको सहयोग मार्फत यस वर्षको बाढीपहिरोमा उल्लेख्य भूमिका खेलेको देखिन्छ । संजाल तथा भौगोलिक रुपमा सबै भन्दा बलियो पहुँच तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विश्वसनियता कायम गरेको छ । नेपाल रेडक्रस सोसाईटी मार्फत यस वर्ष विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय समुदायले यस पटकको बाढीपहिरो राहत तथा उद्धारमा सक्रिय रहे । त्यसैगरी, व्यापारिक प्रतिष्ठान, पेशागत समुह, संस्थागत समुह तथा सर्वसाधरणले सक्रियतामा संकलित उल्लेख्य रकम तथा राहत सामाग्री पनि नेपाल रेडक्रस सासाईटी मार्फत वितरण हुने गरको छ । यसरी सहयोग गर्ने संस्था तथा व्यक्तिहरुको विवरण सूची लामो रहेको छ ।

राहत तथा उद्धारमा सक्रिय नेपाल रेडक्रस अहिले बाढिपहिरोबाट विस्थापित भएका परिवारको पुनर्स्थापन तथा क्षति भएका वासस्थानका पुनर्निर्माण प्रकृयामा रहेको छ । युरोपियन युनियन तथा आईएफआरसीको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाईटीले बाढी पीडित बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, मोरंग, उदयपुर, कास्की, बाँके, वर्दिया, कैलाली र सप्तरीमा पुनर्निर्माणको कार्य सञ्चालन गरेको छ ।

## दातृ तथा अन्तराष्ट्रिय समुदायको संलग्नता

प्राकृतिक प्रकोपको तत्काल उद्धार तथा रहत कार्यमा दातृ तथा अन्तराष्ट्रिय समुदायको सहयोगले नै धानेको छ ।

यस वर्षको बाढीपहिरोमा एक्सनएड नेपाल, आड्रा नेपाल, कारिटास, केयर, सेसी, क्रिस्चियन रिलिफ सर्भिसेज नेपाल, कन्सर्न वर्ल्डवाईड, डेनिस रेडक्रस, आईसिआरसी, आईएफअरसी, आईआरसी, आइएनएफ, लुथरन वर्ल्ड फेडरेसन, मर्लिन, मर्सिकर्प्स, एमएसएफ हल्यान्ड,अफिस फर द कोअर्डिनेटर अफ ह्युमानिटेरियन अफेयर्स (ओचा), अक्सफाम नेपाल, प्लान नेपाल, सेभ द चिल्ड्रेन अलायन्स (जापान, नर्वे र अमेरिका), प्लान नेपाल, स्वीस रेडक्रस, युनाइटेड मिसन टु नेपाल, युएनडिपि, युएनएफपिए, युनिसेफ, डब्लुएफपि, डब्लुएचओ, वर्ल्ड भिजन लगायतका झन्डै अढाई दर्जन अन्तराष्ट्रिय संस्थाको प्रत्यक्ष सहभागिता रह्यो ।

यस वर्षको बाढी पहिरोमा माथि उल्लेखित दातृ तथा अन्तराष्ट्रिय संस्थाहरुले सक्रिय सहभागिता जनाई आवश्यक परे स्रोत परिचालन गर्न सकिने बारे समन्वयता कायम गरेको देखिन्छ । यी संघसंस्थाहरुले आ-आफ्ना स्थानीय साझेदार संस्था तथा मुलुक सबै भन्दा ठुलो संजाल कायम गरेको संस्था नेपाल रेडक्रस मार्फत उद्धार तथा राहत सामाग्री वितरण गरेका थिए । यी संस्थाहरुले उद्धार र राहत, खाद्य सामाग्री, लत्ता कपडा, औषधि आदि वितरण गरेका थिए भने कारितास, आड्रा, सेभ द चिल्ड्रेन अलायन्स, आईएफआरसि, ईको लगायतका केही संस्था प्रकोप पछिको पुनर्स्थापन तथा पुनर्निर्माणमा समेत सहयोग पुऱ्याईरहेका छन् ।

यस वर्षको बाढीपहिरोमा समन्वयको नेतृत्व संयुक्त राष्ट्रसंघको मानविय मामिला संयोजनका लागि कार्यालय (ओचा) लिएको थियो । उद्धार तथा राहतमा सक्रिय सबै संघसंस्थासँग संयोजन गर्दै प्रकोपमा परेकाहरुको सहयोगका लागि ओचाले सबै संस्थासँग समन्वय कायम गर्दै सुचना प्रवाहलाई पनि तिब्र बनाएको थियो जसका कारण बाढीपहिरो सम्बन्धि सकेसम्म यथार्थ जानकारी आएका थिए । त्यसैगरी यस कार्यान्वयनले उपलब्ध उद्धार तथा राहत प्राथमिकताका आधारमा परिचालन गर्न सजिलो बनाएको थियो ।

यस वर्षको मनसुनमा पुरै दक्षिण एसिया डुबेको थियो भने यसबाट बढी प्रभावित हुनेमा नेपाल, भारत र बंगलादेश रहेको थिए । बाढीपहिरोका कारण कतिपय स्थानमा रोगको संक्रमण बढेको थियो । खानेपानी प्रदुषित बनेको थियो । आमा तथा बालबालिकाहरु पौष्टिक आहारको कमीले कुपोषित भएको थिए । यही अवस्थालाई ध्यानमा राखि युरोपियन कमिसन्स ह्युमानिटेरियन अफिस (ईको)ले दक्षिण एसिया क्षेत्रमा बाढीले निम्त्याएको मानविय तथा भौतिक क्षतिलाई न्युनिकरण गर्ने प्रयासमा सहयोग पुऱ्याउन क्षेत्रिय ( नेपाल-भारत-बंङ्गलादेश) आकस्मिक कोष स्थापना गरि त्यसलाई कार्यान्वयन गर्ने प्रयासमा लागेको छ ।

## सहयोगको विवरण तालिका

राहत संकलन तथा वितरणमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था र सर्वसाधरणको सक्रियता सधैं झै यस वर्ष पनि देखियो । खाद्यान्न, लत्ताकपडा, भाडाकुडा, त्रिपाल लगायतका सामाग्री सबै क्षेत्रबाट प्राप्त भए । विभिन्न संघसंस्थाले आ-आफ्नै ढंगले राहत संकलन गरे । तर, ती सामाग्री व्यवस्थित तवरमा प्रभावित क्षेत्रमा पुगे नपुगेका, गरिव तथा विपन्न वर्गले पाए नपाएको भनी खानी गर्ने काम भएन । यो रहत वितरणमा देखिएको प्रमुख समस्या हो ।

सरकार तथा विभिन्न दातृ संस्थाले यस वर्षको वाढी पहिरोमा उपलब्ध गराएको उद्धार, राहत तथा पुर्नस्थापनमा पुऱ्याएको सहयोग निम्न तालिकामा प्रस्तुत गरिएको छ । दातृ संस्थाले आफ्ना साझेदारी संस्था तथा नेपाल रेडक्रस सोसाईटी मार्फत उद्धार तथा राहत कार्यमा संलग्न रहेका थिए ।

सहयोग विवरण तालिका निम्न रहेको छ :

सरकार

| क्रम संख्या | सहयोग गर्ने निकाय | जिल्ला | उद्धार सहयोगको विवरण | उद्धारका लागि छुट्टाईएको रकम |
|---|---|---|---|---|
| १ | गृहमन्त्रालय | प्रकोप प्रभावित जिल्ला | प्रकोप प्रभावित जिल्लामा आर्थिक तथा उद्धार सहयोग | ५ करोड |
| २ | प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष | प्रकोप प्रभावित जिल्ला | प्रकोप प्रभावित जिल्लामा आर्थिक तथा उद्धार सहयोग | ५ करोड |

**जम्मा : १० करोड**

**सार्वजनिक तथा निजी संस्थाहरु**

| क्रम संख्या | रकम सहयोग गर्ने संस्था | संकलित रकम |
|---|---|---|
| १ | कान्तिपुर बाढी पीडित सहयोग कोष | ८० लाख |
| २ | ईमेज च्यानल प्राली | २८ लाख |
| ३ | एचविसि एफएम परिवार | २ लाख |
| ४ | ३३० अन्तरिम संसदको ५ दिनको तलव | १० लाख |
| ५ | नेपाली सेना | ३४ लाख |
| ६ | कुमारी बैंक | १ लाख |
| ७ | प्याब्सन | १ लाख १ हजार |
| ८ | रोटरी क्लब, ठमेल | १ लाख ३४ हजार |
| ९ | एनआरएन, ईन्डोनेसिया | ६८ हजार |

**जम्मा : १ करोड ५८ लाख ३ हजार**

*नोट : नीजि तथा सार्वजनिक संस्था, व्यक्ति मार्फत उल्लेख्य रकम संकलन भएको छ जसको वितरण विभिन्न माध्यमबाट भएका कारण यकिन तथ्यांक संकलन गर्न नसकिएकाले सम्पूर्ण सहयोग विवरणलाई यसमा प्रस्तुत गरिएको छैन । तर पनि देशव्यापि रुपमा यसरी उल्लेख्य राशी तथा राहत सामाग्री संकलन भएको हुन सक्ने अनुमान राहत तथा उद्धार कार्यमा संलग्न भएकाहरुको रहेको छ ।*

**दातृ तथा अन्तराष्ट्रिय निकाय**

| क्रम संख्या | सहयोग गर्ने संस्था | जिल्ला | उद्धार सहयोगको विवरण | उद्धारका लागि खर्च गरिएको अनुमानित रकम |
|---|---|---|---|---|
| १ | एक्सन एड | धनुषा, सुनसरी, सप्तरी, सिराहा, महोत्तरी, बारा, पर्सा, बाँके, बर्दिया र कैलाली | १४५२ परिवारलाई खाद्यान्न तथा पोषण, १७४ परिवारलाई लत्ता कपडा, भाडाकुडा लगायतका सहयोग, ५८९० जनालाई स्वास्थ्य तथा उपचार सेवा, ७०७ परिवारलाई आर्थिक सहयता | १ करोड १० लाख |
| २ | एड्रा नेपाल | कैलाली, बर्दिया, | पुर्नस्थापनका कार्यका लागि | ३ करोड १० लाख |

| | | | | |
|---|---|---|---|---|
| | | बाँके, रुपन्देही, धनुषा, उदयपुर | बाँकेमा १ सय र बर्दियामा १सय घर निर्माणका लागि सहयोग उपलब्ध गराईएको । विभिन्न जिल्लामा स्वास्थ्य शिविर सञ्चालन, २६०० भन्दा बढि झुल वितरण | |
| ३ | केयर नेपाल | धनुषा, महोत्तरी, सर्लाही, बाँके, बर्दिया, कैलाली | उद्धार सामाग्री वितरण | ४ करोड ९० लाख |
| ४ | कारितास | कैलाली, डडेलधुरा, बाके, बर्दिया, नवलपरासी,रुपन्देही, चितवन, सर्लाही धनुषा, महोत्तरी, सप्तरी, सिराहा, पाचथर, ताप्लेजुंग, उदयपुर | २१ हजार ७ सय ८ परिवारलाई खाद्यान्न लगयात अन्य उद्धार तथा राहत सामाग्रि वितरण | २ करोड ९ लाख<br><br>*नोटः प्रकोप पछिको पुनर्निर्माणमा समेत सक्रिय रहेको यस संस्थाले त्यसमा गर्न लागेको लगानी यसमा उल्लेख छैन ।* |
| ५ | सेसि | धनुषा, महोत्तरी | १८ सय घरपरिवारलाई एक साता सम्म खाद्यान्न तथा अन्य राहत सामाग्री वितरण | १५ लाख |
| ६ | कन्सर्न वर्ल्डवाईड | कर्णाली अञ्चलका जिल्लाहरु | | ९ लाख |
| ७ | सिआरएस नेपाल | बाके, बर्दिया | ४४ घर परिवालाई दुई साता सम्म खाद्यान्न, ८०० थान कम्बल तथा ८सय थान झुल वितरण | |
| ८ | डेनिस रेडक्रस | | | ४ करोड ३५ लाख |
| ९ | आइसिआरसि | कैलाली, दांग, सुर्खेत, बर्दिया, बाके, पर्सा बारा, रौतहट, सर्लाही, धनुषा, महोत्तरी, सिराहा, सप्तरी | करिब १२०० भान्सा सामाग्री, ८००० ट्रप्लिन, ५०० बढी प्लाष्टिकका बाल्टिन, महिलाका लागि करिब १५ सय सारी, ३००० मिटर बराबरको सादा तथा जिन्स कपडा, करिब २२ सय कम्बल वितरण । राहत सामाग्री ओसार पसारमा ढुवानी सहयोग पु¥याएको | |
| १० | आईएफआरसी | | | १२ करोड |
| ११ | आईआरसी | | | १५ लाख |
| १२ | लुथरन वर्ल्ड फेडरेसन | बाके, बर्दिया, कैलाली | राहत तथा उद्धार सामाग्री वितरण | ३० लाख |
| १३ | मर्लिन | प्युठान, रोल्पा | उपचार तथा स्वास्थ्य सेवा | १३ लाख |

| | | | | |
|---|---|---|---|---|
| १४ | एमएसएफ हल्यान्ड | रौतहट, सर्लाही, महोत्तरी, सिराहा, सप्तरी | उपचार तथा स्वास्थ्य सेवा | |
| १५ | ओचा | | | ३१ लाख ५० हजार |
| १६ | अक्सफाम | सप्तरी, महोत्तरी | करिब ६ हजार घर परिवार | ४ करोड ५० लाख |
| १७ | प्लान | बाके, बर्दिया, बारा, रौतहट | | ७ लाख |
| १८ | सेभ द चिल्ड्रेन अलायन्स ( अमेरिका, जापान र नर्वे) | बाग्लुंग, महोत्तरी, सर्लाही, धनुषा,,सिराहा, सप्तरी,बाके, बर्दिया, कैलाली, मोरंग, सुनसरी | शिक्षा, खानेपानी , सरसफाई तथा पुनर्स्थापना | ५ करोड ७५ लाख |
| १९ | स्वीस रेडक्रस | बाके, बर्दिया | खाद्यान्न तथा उद्धार सामाग्री | १५ लाख |
| २० | युएमएन | बाके, बर्दिया, धनुषा, रुपन्देही, सुनसरी, मुगु, रुकुम | १२सय घर परिवारलाई राहत तथा उद्धार सामार्गी वितरण | १ करोड १० लाख |
| २१ | युएनडिपी | | | ४८ लाख |
| २२ | युएनएफपिए | | | १५ लाख |
| २३ | युनिसेफ | | प्रकोप प्रभावित जिल्लाहरु | २ करोड ४५ लाख<br><br>ईकोले युनिसेफलाई झन्डै ४ करोड बराबर रुपैया सहयोग गर्ने प्रतिवद्धता |
| २४ | डब्लुएफपि | | प्रकोप प्रभावित जिल्लाहरु | १० करोड |
| २५ | वर्ल्ड भिजन | मोरंग, सुन्सरी, रुपन्देही, कैलाली | | १ करोड |
| २६ | डेनमार्क सरकार | | राहात सामाग्री | ३४ लाख ७५ हजार |
| २७ | डिफिड | कैलाली, बाके, बर्दिया | | ८ लाख |
| २८ | ईसिमोड | | | ५ लाख ६७ हजार |
| २९ | चिनिया राजदुतावास | | | १७ लाख ९२ हजार |
| ३० | स्विस डेभलपमेन्ट कोअपरेसन | | | १२ लाख |
| ३१ | नेदरल्यान्ड सरकार | | | ४ करोड २० लाख |
| ३२ | हेल्भिटास नेपाल | | | १ लाख |
| ३३ | डब्लुडब्लुएफ नेपाल | बर्दिया | | १ लाख |
| ३४ | अनमिन कर्मचारी | | | १ लाख |

| | | | | |
|---|---|---|---|---|
| ३५ | वाटर एड | | | १ लाख |
| ३६ | आईएफआरसी | | तत्काल उद्धारका लागि | १ करोड ५० लाख |
| ३७ | युरोपियन मिसन फर ह्युमानिटेरियन अफिस (ईको) | | उद्धार तथा पुर्नस्थापन | १८ करोड ८०लाख |
| ३८ | एमएस नेपाल | बर्दिया | | १ लाख |
| ३८ | आरआरएन | बाँके | उद्धार तथा राहत | ४ लाख |

**जम्मा : ८३ करोड ६९ लाख ८४ हजार**

## सारांश

अन्तराष्ट्रिय सहयोग क्रमशः प्रकोप उद्धारतर्फ मोडिएको छ । उद्धार स्रोत प्रवाहको हिसावले फस्टाउदो क्षेत्र बनेको छ । विशेष गरि मौसम सम्बन्धि प्रकोपहरु जसले मानविय सहयोग जुटाउन सफल भएको तथ्य 'फाइटिंग क्लाइमेट चेन्जः ह्युमन सोलिड्यारिटी ईन अ डिभाईडेड वर्ल्ड, ह्युमन डेभलपमेन्ट रिपोर्ट २००७'ले पनि उजागर गरेको छ ।

तर पनि यथार्थ के हो भने जब प्रकोप हुन्छ - त्यसपछि मात्र अन्तराष्ट्रिय समुदायले मानविय उद्धारका लागि यस प्रति चासो देखाउछन् । प्रकोप पूर्व तयारी अथवा प्रकोप पछिको अवस्थामा यो लगानी कम रहेको छ । प्रकोप व्यवस्थापन भित्रका आवश्यकतामा तत्काल उद्धार र राहत मात्र होइन पूर्वतयारीको प्रसंग पनि त्यत्तिकै सान्दर्भिक

प्रकोप पछिको पुनर्स्थापन तथा पुनर्निर्माण सहयोग व्यवस्थापनको अर्को पक्ष रहेको छ । जब संकटाभिमुख अवस्थामा रहेका समुदाय बाढीपहिरोबाट पीडित बन्छन् यसले दिर्घकालिन मानविय विकासमा बाधा पुऱ्याउँछ । यस परिणितिलाई उल्टाउन समयमै पुनर्स्थापन तथा पुनर्निर्माण कार्यमा जोड दिनु पर्ने हुन्छ । तर यथार्थता यस्तो रहेको छ कि तत्काल उद्धार तथा राहतमा सहयोगको वृद्धि भईरहेको छ भने अर्कोतिर पुर्नस्थापन तथा पुनर्निर्माणमा लगानी कम रहेको छ । यस वर्षको बाढीपहिरोमा पनि नेपालमा यही प्रवृत्ति देखिएको छ । एक हातको औंलामा गन्न सकिने केही संघ संस्था मात्रै प्रकोप पछिको अवस्थामा काम गरि रहेका छन् ।

संकटाभिमुखता समुदायहरु ति हुन् जो अति गरिब छन् र पहुँच विहिन अवस्थामा रहेका छन् । उनीहरुलाई अधिक ध्यान दिनु पर्छ । अन्तिम विन्दु तब मात्र पार गर्न सकिन्छ जब कुनै पनि किसिमको प्रकोपजन्य खतरा न्युनिकरणका रणनीति सबै भन्दा जोखिम अवस्थामा रहेकाहरु सम्म पुग्छन् ।

अपर्याप्त सहयोग तथा प्रतिवद्धता गरिएको सहयोग उपलब्ध नहुँदा उद्धार देखि पुर्नस्थापन सम्मको संक्रमण कालमा सम्झौता भएको देखिन्छ । किसानहरुलाई बिउ विजन उपलब्ध छैन अथवा उनीहरुको उत्पादन क्षमता, अति विपन्न परिवारको क्षतिग्रस्त वासस्थान आफैले पुनर्निर्माण गर्नु पर्ने स्थिती अथवा स्वास्थ्य तथा शैक्षिक संरचनाको पुनर्निर्माण नहुनुका दिर्घकालिन दुष्परिणाम राज्यले भोग्नु पर्ने हुन्छ । यस पक्षमा अन्य साझेदारी संस्था जस्तै राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाले ध्यान दिनु जरुरी देखिन्छ । अन्यथा बाढी पहिरो नियमित नियति बन्ने छ ।

## अब के गर्ने ?

बाढीपहिरोको सन्दर्भमा विद्यमान स्रोत र साधनको अधिकतम परिचालन गरी प्रकोप व्यवस्थापनलाई चुस्त बनाउनु पर्छ । उद्धार तथा राहतका साथसाथै दिर्घकालिन रुपमा पुनर्स्थापन तथा पुनर्निर्माण कर्याका लागि समन्वयताको आवश्यकता रहेको छ । प्रकोपका घटना मानव नियन्त्रित नभएपनि पूर्व तयारीको अवस्थामा रहे यसबाट हुने क्षतिलाई कम गर्न सकिन्छ ।

बाढीपहिरोबाट हुने जनधनको क्षति कम गर्न सबैभन्दा पहिले जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिनु पर्छ । बाढीपहिरो के हो ? कसरी र कस्तो ठाउँ यसको जोखिममा रहेको छ ? भन्ने बारे जनतालाई सुसूचित गर्नु राज्यको दायित्व हो भने यसमा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाबीचको समन्वय पनि सान्दर्भिक हुन आउँछ । यी संघसंस्थाहरुले आफ्नो कार्यक्षेत्रका लागि सजिलो र ठाउँलाईमात्र रोज्नु हुदैन ।

आपतकालिन उद्धारका लागि वर्षायाम सुरु हुनु पूर्व नै बाढीपहिरो सम्भावित जिल्लामा राहत सामाग्री भन्डारण गर्नु पर्छ । उद्धार टोलीलाई तालिम र साधन सम्पन्न बनाउनु पर्छ । प्रकोप विरुद्धको सामनाका लागि समुदायको क्षमतालाई बढाउनु पर्छ । बाढीपहिरो सम्भावित क्षेत्रमा पूर्वसूचना प्रणालीको व्यवस्था गरिनु पर्छ ।

### ह्योगो कार्य संरचना

प्रकोप व्यवस्थापन त्यसमा पनि हाम्रो जस्तो मुलुकमा बाढीपहिरो प्रतिको चासोलाई अझ बढी प्रभावकारी बनाउन सरकार, गैरसरकारी संस्था तथा अन्तराष्ट्रिय समुदायले ह्योगो कार्यसंरचनाले प्रतिपादन गरेका तथ्यहरुलाई व्यवहारमा लागू गर्नु पर्छ ।

सन् २००५मा जापानको कोवेमा भएको प्रकोपजन्य खतरा न्युनिकरण सम्बन्धि विश्व सम्मेलनमा १६८ वटा सरकारले प्रकोपले आफ्ना मुलुकका नागरिकहरुमाथि पार्ने असरहरु न्युन गर्नका लागि प्रतिवद्धता जाहेर गरेका थिए । नेपालले पनि यसमा प्रतिवद्धता जाहेर गरेको छ । ह्योगो कार्य संरचना २००५-२०१५ नै यही कोबे सम्झौताको दस्तावेजका रुपमा आयो ।

प्रकोपजन्य खतरा न्युनिकरण विकासको अत्यावश्यक अंग हो भन्ने कुरालाई यो कार्य संरचनालाई पहिलो पटक विश्वले आत्मसात गरेको छ- यो विशेषज्ञहरुको मात्र सवाल होइन । प्रकोपजन्य खतराको सामना नगरि कुनै पनि विकास दिगो हुँदैन भन्ने कुराको यसले घोषणा गरेको छ ।

कार्य संरचनाद्धारा तयार पारिएका ५ प्राथमिक कार्यहरु :

क) प्रकोपजन्य खतराको न्युनिकरण राष्ट्रिय र स्थानिय प्राथमिकता भएकाले यसलाई बलियो संस्थागत आधारमा लागु गर्नु पर्छ भन्ने कुराको सुनिश्चितता गर्नु ।

ख) प्रकोपका खतराहरुको पहिचान, मुल्यांकन र अनुगमन गर्ने तथा पूर्व सूचना संयन्त्रलाई सुदृढ गर्ने ।

ग) सबै तहमा सुरक्षाको संस्कृति तथा प्रकोप सामनाका लागि ज्ञान, अन्वेषण र शिक्षाको प्रयोग गर्ने ।

घ) खतराका आधारभुत पक्षलाई न्युन गर्ने ।

ङ) सबै तहमा प्रकोप पूर्वतयारीका प्रभावकारी प्रतिक्रियालाई सुदृढिकरण गर्ने ।

त्यसैगरी, बाढीपहिरोको चपेटामा परिसकेका जनसंख्या जो शिक्षा, स्वास्थ्य, बास तथा जिविकोपार्जन आदिबाट विमुख भएका छन् उनीहरुको हक अधिकारलाई स्थापित गर्नु पर्ने अहम आवश्यकता हो । सरकारले विभिन्न अन्तराष्ट्रिय सन्धी तथा सम्झौताहरुमा आफ्ना प्रतिवद्धताहरु जाहेर गरेको छ । अब ती प्रतिवद्धताहरुलाई अभ्यासमा उतार्ने समय आएको छ । लक्षलाई प्राथमिकता तयार गरि नागरिकहरु प्रति जवाफदेही हुनु पर्छ । यसका साथै प्रकोपजन्य खतरा न्युनिकरणका विद्यमान अन्य प्रतिवद्धताहरुलाई एकिकृत गर्न पाईला चाल्नु पर्छ । प्राकृतिक घटनाका विपत्तिमुलक असरहरु तब मात्र न्युन हुन सक्छन् जब प्रकोपजन्य खतराहरुलाई मुलधारको सार्वजनिक योजनामा समाहित गराईन्छ ।

त्यसैले :

- प्राकृतिक तथा मानव सिर्जित प्रकोप व्यवस्थापन समबन्धि दिर्घकालिन कार्य योजना तर्जुमा गरि यस क्षेत्रमा संलग्न सरकारी निकाय, दातृ निकाय, गैरसकारी संस्था तथा निजी क्षेत्रबीच समन्वय कायम गर्दै उद्धार, राहत तथा पुनर्स्थापन सम्बन्धि नीति तथा योजना तयार गरि त्यसको कार्यान्वयनलाई प्रभावकारी बनाउने ।

- प्रकोप उद्धार, राहत तथा पुर्नस्थापनमा उपलब्ध स्रोतको पारदर्शिता तथा जवाफदेहितापन अपनाउने पर्ने र यसको 'सोसल अडिटिंग' गर्ने ।

- प्रकोप व्यवस्थापन कार्यमा जनसहभागिता अभिवृद्धि गर्न चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

- प्रकोप पीडित परिवारहरुलाई राज्य तथा उद्धार तथा पुर्नस्थापनमा सक्रिय राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायले राहत तथा उद्धार सम्बन्धि कार्यहरुलाई पारदर्शी बनाउने ।

- स्रोतको प्रभावकारी उपयोग तथा दोहोरोपन हुन नदिन उद्धारमा संलग्न निकायबीचको समन्वयता कायम गर्ने ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा क्रियाशिल प्रकोप व्यवस्थापन सम्बन्धि संस्थाहरुबीच समन्वय गरि एकिकृत सूचना प्रणालीको विकास गर्ने ।

- प्रकोप सम्बन्धि अन्तराष्ट्रिय सन्धी तथा सम्झौता जस्तै ह्योगो फ्रेमवर्क अफ एक्सन २००५-२०१५ तथा शहश्राब्दी विकास लक्षलाई राष्ट्रिय तथा स्थानीय नीतिमा समावेश गरि त्यसलाई पूर्वतयारी, उद्धार, राहत, पुनर्स्थापन तथा पुनर्निर्माणका प्रयासलाई कार्यान्वयन गर्ने ।

- मौसम परिवर्तनसँग जोडेर बाढिपहिरोको समस्यालाई सम्बोधन गर्नु पर्छ ।

## सन्दर्भ सामाग्री


- ह्युमन डेभलपमेन्ट रिपोर्ट २००७, फाईटिंग क्लाइमेट चेन्ज : ह्युमन सोलिडारिटि ईन अ डिभाईडेड वर्ल्ड ।
- ग्लोबल ईन्भाईरोमेन्ट आउटलुक, २००४, युनेप
- युएनएफसिसि रिपोर्ट
- बाढीपहिरोले निम्त्याएको विनास, २०५९
- एक्सन एड नेपाल
- प्राकृतिक प्रकोप उद्धार ऐन - २०३९
- कान्तिपुर दैनिक, २०६४ असार- साउन
- एफपि
- ओचा नेपाल सिचुएसन रिपोर्ट-फ्लड्स एन्ड ल्यान्डस्लाईड्स २००७
- ह्योगो कार्य संरचना प्रतिवेदन
- लाईफ फर स्किल
- डब्लुएफपि प्रेस रिलिज- फ्लड अपिल
- आईएफआरसी अपिल, नेपाल फ्लड २००७
- दशौं पञ्चवर्षिय परियोजना
- www.nrcs.org
- www.un.org.np

# एक्सनएड

एक्सनएड एक धर्मनिरपेक्ष तथा गैरराजनीतिक अन्तर्राष्ट्रिय विकास संस्था हो । यो संयुक्त अधिराज्यमा सन् १९७२ मा स्थापना भई सन् २००३ मा विश्वव्यापी संस्थाको रूपमा नेदरल्याण्डस्को 'द हेग'मा दर्ता भएको हो । यसको अन्तर्राष्ट्रिय सचिवालय दक्षिण अफ्रिकाको जोहानेसवर्गमा छ । एशिया, अफ्रिका, ल्याटिन अमेरिका तथा क्यारिवियनका ४० भन्दा बढी विकासोन्मुख तथा विकसित देशका १ करोड ३० लाखभन्दा बढी गरिबहरूसँग यसले काम गरिरहेको छ । यो संस्था सबैभन्दा गरिब तथा पछाडि पारिएका जनताको जीवनस्तर सुधार्न तथा उनीहरूलाई सम्मानजनक जीवन जियाउन प्रतिबद्ध छ । एक्सनएडका युरोपमा ३ लाखभन्दा बढी सहयोगीहरू छन् ।

एक्सनएड नेपालमा सन् १९८२ देखि कार्यरत छ । अति गरिब तथा पछाडि पारिएका महिला, पुरुष तथा बालबालिकाको सशक्तिकरण गरी गरिबी निवारण गर्नु एक्सनएड इन्टरनेसनल नेपाल (यसपछि एक्सनएड नेपालले चिनिने) को परिलक्ष्य हो । विगतका वर्षहरूमा सामुदायिक तथा अन्यस्तरमा भएको सहकार्यको परिणामस्वरूप एक्सनएड नेपालको कार्यमा विभिन्न प्रकारका परिवर्तनहरू भएका छन् । त्यसरी नै यस संस्थाको कार्यक्षेत्र तथा प्रतिबद्धतामा पनि वृद्धि भएको छ ।

सन् १९९६ देखि एक्सनएड नेपालले प्रत्यक्ष सेवा प्रदान गर्न छोडी स्थानीय गैरसरकारी संस्थाहरूमार्फत साझेदारीमा काम गर्ने संस्थाको रूपमा आफूलाई चिनाएको छ । यसले सन् १९९८ मा अधिकारमुखी कार्यशैली अवलम्बन गऱ्यो । यसको मूल उद्देश्य अधिकारवालाहरूले गरिबीमाथि विजय हासिल गर्ने वातावरण सृजना गराउनु हो ।

हाल एक्सनएड नेपालको दीर्घकालीन साझेदारी कार्यक्रमहरू स्थलगतरूपमा मुख्यगरी अछाम, कञ्चनपुर, कपिलवस्तु, काठमाडौँ, कास्की, कैलाली, खोटाङ, चितवन, जुम्ला, झापा, डडेल्धुरा, डोटी, दाङ, दार्चुला, दोलखा, धनुषा, नवलपरासी, पर्वत, पर्सा, बझाङ, बर्दिया, बाँके, बाग्लुङ, बाजुरा, बारा, बैतडी, महोत्तरी, मुगु, मोरङ, रसुवा, ललितपुर, सप्तरी, सर्लाही, सिन्धुपाल्चोक, सिराहा र सुनसरी जिल्लामा कार्यान्वयन भइरहेका छन् । यसका अतिरिक्त एक्सनएड नेपालले अधिराज्यका करिब २०० भन्दा बढी सङ्घ-संस्थाहरूसँग अल्पकालीन सहकार्य पनि गर्दै आएको छ ।

एक्सनएड नेपालका अधिकारवालाहरूमा गरिबतम् तथा पछाडि पारिएका समुदायहरू विशेषगरी महिला, बालबालिका, प्रकोप तथा द्वन्द्वपीडित, गरिब भूमिहीन तथा मोही, एचआईभी तथा एड्स संक्रमित, दलित, जनजाति, पूर्व कमैया, अपाङ्ग, र शहरी गरिबहरू पर्दछन् । स्थानीय सन्दर्भ तथा आवश्यकतामा आधारित रही एक्सनएड नेपालले मूलतः पाँच सवालहरू– महिलाअधिकार, शिक्षा, खाद्यसुरक्षा, एचआईभी तथा एड्स र शान्तिस्थापनालाई प्राथमिकता दिएको छ । यसका अतिरिक्त विश्वव्यापीकरण, सुशासन, आकस्मिक तथा प्रकोप व्यवस्थापन, लैङ्गिक समता तथा सामाजिक समावेशीकरणजस्ता सवालहरूमा पनि यसले कार्य गर्दछ ।

गरिबतम् तथा पछाडि पारिएका जनताका तत्कालीन आवश्यकताहरू परिपूर्ति गर्न तथा यसका अधिकारवालाहरूको पक्षमा नीति र व्यवहारहरूलाई प्रभाव पार्ने हेतुले एक्सनएड नेपालले स्थानीय तथा राष्ट्रियस्तरमा विभिन्न जनवकालतका कार्यक्रमहरू गर्दछ ।

एक अन्तर्राष्ट्रिय संस्थाको शाखाको रूपमा एक्सनएड नेपाल गरिबमुखी नीति तथा गरिब र पछाडि पारिएका समुदायका अधिकारहरू सुनिश्चित गर्नका लागि महिलाअधिकार, शिक्षा, एचआईभी तथा एड्स, खाद्यसुरक्षा, द्वन्द्व र आपत्कालीन अवस्थामा मानवीय सुरक्षा तथा न्यायिक र प्रजातान्त्रिक शासनजस्ता सवालहरूमा क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा जनवकालत गर्न पनि सक्रिय छ ।

एक्सनएड इन्टरनेसनल नेपाल
पोष्ट बक्स नं. ६२५७
काठमाडौँ, नेपाल
फोन : ९७७-१-४४३६४७७, ४४२१२३२
फ्याक्स : ९७७-१-४४१९७१८
इमेल : mail.nepal@actionaid.org
वेबसाइट : www.actionaid.org/nepal

End poverty. Together.